National News

March, 21 2024

प्रमुख समाचार:

1. युक्रेनी राष्ट्रपति र भारतीय प्रधानमन्त्रीबीच टेलिफोन वार्ता
2. उपराष्ट्रपतिले अन्तर्राष्ट्रिय रणनीतिक संलग्नता कार्यक्रमको उद्घाटन समारोहलाई गर्नुभयो सम्बोधन
3. भारतद्वारा सुरक्षा परिषदको सुधारविरोधी सहमतिका लागि एकजुट, UFC नमूनाको आलोचना
4. सर्वोच्च अदालतद्वारा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त नियुक्तिसम्बन्धी नयाँ ऐनमा रोक लगाउन अस्वीकार
5. निर्वाचन आयोग गलत सूचनाका चुनौती सामना गर्न पूर्ण तयार

Modi-Zelenski

युक्रेनी राष्ट्रपति श्री भ्लोदिमिर जेलेन्स्कीले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग टेलिफोन वार्ताको क्रममा, आफ्नो देशको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता, मानवीय सहायता र शान्ति सूत्र बैठकहरूमा सक्रिय सहभागिता जनाउने भारतको समर्थनप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभएको छ, स्विजरल्याण्डमा सम्पन्न हुने पहिलो शान्ति शिखर सम्मेलनमा भारतको सहभागिता युक्रेनका लागि महत्त्वपूर्ण हुनेछ। वार्तामा दुई नेताबीच द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने विषयमा छलफल भएको थियो। श्री जेलेन्स्कीले युक्रेनले भारतसँग व्यापार र आर्थिक सम्बन्ध सुदृढ गर्न अनि भारतीय विद्यार्थीहरूलाई युक्रेनका शैक्षिक संस्थानहरूमा पढ्न निम्तो दिन चाहेको बताउनुभयो। कुराकानीको क्रममा, श्री मोदीले युक्रेनमा जारी द्वन्द्व चाँडै अन्त्य गर्न र शान्ति स्थापनाका लागि भारतले गरेका सबै प्रयासबारे जानकारी दिनुभयो। उहाँले त्यहाँका जनताको हितलाई ध्यानमा राख्दै, भारतले मानवीय सहयोग जारी राख्ने बताउनुभयो।

## VP-Bharat

उपराष्ट्रपति श्री जगदीप धनखरले आज उपराष्ट्रपति भवनमा सम्पन्न अन्तर्राष्ट्रिय रणनीतिक संलग्नता कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै, अर्थव्यवस्था र प्रविधिमा भारतको उदय विश्व शान्ति र सद्भावका लागि आश्वासन भएको बताउनुभयो। उहाँले भारत विश्व शान्ति, स्थिरता र सद्भाव कायम राख्न समान विचारधारा भएका राष्ट्रहरूलाई संलग्न गराउन प्रतिबद्ध रहेको पनि थप बताउनुभयो। २१ देशका अन्तर्राष्ट्रिय प्रतिनिधि र आठ भारतीय अधिकारी सम्मिलित यो दुई हप्ते कार्यक्रम न्याशनल डिफेन्स कलेजले आयोजना गरेको हो।

## India-UFC

भारतले सुरक्षा परिषदको सुधारविरोधी सहमतिका लागि एकजुट, UFC नमूनाको आलोचना गरेको छ। भारतले यस नमूनामा अफ्रिका र वैश्वक दक्षिणका प्रतिनिधित्व नरहने र स्थायी सिट परिवर्तन नगर्ने नीति रहेको, जुन उपयुक्त नभएको बताएको छ। संयुक्त राष्ट्र संघका लागि भारतका स्थायी प्रतिनिधि सुश्री रुचिरा कम्बोजले सुरक्षा परिषद्को स्थायी सिटमा अफ्रिका र वैश्विक दक्षिणको समुचित प्रतिनिधित्व एक निर्विवाद लक्ष्य भएको बताउनुभयो। उहाँले यो नमूना, सुरक्षा परिषदको स्थायी र अस्थायी सदस्य राष्ट्रको विस्तार चाहने अधिकांश सदस्य राष्ट्रको विचारविपरीत भएको किटान गर्नुभयो। सुरक्षा परिषदको सुधारसम्बन्धी अन्तरसरकारी संवाद बैठकमा इटालीले प्रस्तुत गरेको यो नमूनाबारे, उहाँले UFC- मा १२ देश र दुई पर्यवेक्षक राष्ट्र रहेको र उनीहरूको दृष्टिकोण संयुक्त राष्ट्रका अधिकांश सदस्य राष्ट्रहरूको दृष्टिकोण विपरीत रहेको बताउनुभयो।

## Supreme Court-Appointment of Chief EC

सर्वोच्च अदालतले प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त नियुक्तिसम्बन्धी नयाँ ऐनमा रोक लगाउन अस्वीकार गरेको छ। न्यायमूर्ति सञ्जीव खन्ना र न्यायमूर्ति दिपङ्कर दत्तको इजलासले यो लोकसभा चुनाव नजिकिँदै गएको समयमा विधानमाथि रोक लगाउन नसकिने बताएको छ। संवैधानिक इजलासको निर्णयमा कहीँ पनि चयन समितिमा कसलाई सदस्य बनाउने भन्ने कुरा उल्लेख नभएको इजलासले जनाएको छ । यस सम्बन्धमा दायर याचिकामा सुनुवाइ गर्दै, सर्वोच्च अदालतले नवनियुक्त निर्वाचन आयुक्त ज्ञानेश कुमार र सुखवीर सिंह सन्धुमाथि कुनै आरोप नरहेको पनि बताएको छ।

## SC-Fact Test

त्यसै गरी, सर्वोच्च अदालतले बम्बई उच्च अदालतको अन्तिम निर्णय नआएसम्म पत्र सूचना कार्यालय अन्तर्गत तथ्य जाँच एकाइ स्थापना गर्नेबारे केन्द्रको सूचना प्रविधि नियममा 2023 का संशोधनहरूलाई चुनौती दिने याचिकामाथि रोक लगाएको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले हिजो उक्त एकाइ स्थापनाबारे अधिसूचना जारी गरेको थियो।

## Election Commission-False Information

आम निर्वाचनलाई ध्यानमा राख्दै, निर्वाचन आयोग गलत सूचनाका चुनौती सामना गर्न पूर्ण तयारीमा छ। गलत सूचनाले लोकतान्त्रिक प्रक्रियालाई हानि पुर्‍याउन सक्छ। आयोगले कडा दिशा-निर्देश जारी गर्दै, सबै हितधारकलाई जिम्मेवारीपूर्ण व्यवहार गर्न र सतर्क रहन आग्रह गरेको छ। आयोगले यस स्थितिको गम्भीरतालाई ध्यानमा राख्दै, कुनै पनि किसिमको सूचना प्रसार गर्नुअघि त्यसको छानबिन गर्न राजनीतिक दलहरूलाई आग्रह गरेको छ।

## Election Commission-Vikashit Bharat

निर्वाचन आयोगले इलेक्ट्रनिक तथा सूचना प्रविधि मन्त्रालयलाई ह्वाट्स-एपमा विकसित भारतको सन्देश दिन तुरुन्तै बन्द गर्न निर्देशन दिएको छ। निर्वाचन घोषणा भए तापनि जनताको फोनमा यस्ता सन्देश आउने धेरै गुनासो आएको आयोगले जनाएको छ। यसको जवाफमा मन्त्रालयले आयोगलाई आचारसंहिता लागू हुनुअघि पत्र पठाएको भए पनि, प्रणालीगत र नेटवर्क समस्याका कारण प्रापकले यो पत्र ढिलो प्राप्त गरेको हुन सक्ने बताएको छ।

## Bhasa Net-Portal

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि सचिव श्री एस कृष्णनले आज नयाँ दिल्लीमा भाषानेट पोर्टल-को सुरुवात गर्नुभयो। यो पोर्टल वैश्विक स्वीकृतिको अवधारणामा आधारित छ। श्री कृष्णनले भन्नुभयो, भाषानेट पोर्टल भारतमा डिजिटल समावेशीतालाई प्रवर्धन गर्ने दिशामा एक महत्त्वपूर्ण कदम हो र व्यापक स्वीकृति यसको सुरुवाती बिन्दु हो। भाषानेट पोर्टल भारतीय राष्ट्रिय इन्टरनेट एक्सचेन्जसँगको सहकार्यमा उन्नत सञ्चार विकास केन्द्रले विकास गरेको हो।

## EC-DM & SP

निर्वाचन आयोगले चार राज्य गुजरात, पंजाब, ओडिशा र पश्चिम बङ्गालमा जिल्लापाल र पुलिस उपरीक्षकको पदमा खटिएका गैर-काडर अधिकारीहरूको सरुवा आदेश जारी गरेको छ। साथै, आयोगले निर्वाचित प्रतिनिधिहरूसँगको पारिवारिक सम्बन्धको परिप्रेक्ष्यमा पंजाबको भटिन्डामा वरिष्ठ पुलिस उपरीक्षक र असमको सोनीपुरमा पुलिस उपरीक्षक सरुवा गर्ने निर्देशन पनि जारी गरेको छ।

## Congress-Briefing

कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गेले नयाँ दिल्लीमा संञ्चार माध्यमलाई जानकारी दिँदै, लोकतन्त्रलाई सुचारु ढङ्गले सञ्चालन गर्न निष्पक्ष निर्वाचन महत्त्वपूर्ण रहेको बताउनुभयो र कंग्रेस पार्टीको ब्याङ्क खातामा लेनदेन गर्न रोक लगाइएको आरोप लगाउनुभयो। उहाँले यो प्रतिबन्ध तत्काल हटाउन माग गर्नुभयो। कांग्रेसका श्रीमती सोनिया गान्धीले पार्टीको ब्याङ्क खातामा प्रतिबन्ध लगाउनु अलोकतान्त्रिक भएको बताउनुभयो भने, श्री राहुल गान्धीले यो कार्य कंग्रेस पार्टीको ब्याङ्क खाताको लेनदेनमा प्रतिबन्ध होइन, तर भारतीय लोकतन्त्रमा प्रतिबन्ध हो भन्नुभयो।

## Badminton

स्विट्जरल्याण्डको बसेलमा सम्पन्न हुने स्विस ओपन ब्याडमिन्टन प्रतियोगिताको एकल प्रि-क्वार्टर फाइनलमा आज किदाम्बी श्रीकान्त मलेसियाका जि जिया लीसित र लक्ष्य सेन ताइवानका चिया सिन लीसँग भिड्नेछन्। भारतका किरण जर्ज पनि एकल प्रि- क्वार्टर फाइनलमा पुगेका छन् । प्रियांशु राजावतले पनि प्रि-क्वार्टरफाइनलमा स्थान पक्का गरेका छन्। त्यसै गरी, महिला एकलमा आज पीभी सिन्धुले जापानकी टोमोका मियाजाकीसँग प्रतिस्पर्धा गर्नेछिन्। महिला युगलमा भारतकी तनिषा क्रेस्टोक र अश्विनी पोनप्पोको जोडीले जापानका रुई हिरोकामी र युना काटोको सामना गर्नेछ।

IOC-Russia & Belarus

अन्तर्राष्ट्रिय अलम्पिक समितिले पेरिस खेलकुदको उद्घाटन समारोह र परेडमा रूस र बेलारूसका खेलाडीले भाग लिन नपाउने घोषणा गरेको छ। समितिका निर्देशक जेम्स म्याक्लियोडले कुनै पनि खेलाडीले आफ्नो देशको झण्डाबिना परेडमा सहभागी हुन नपाउने तर समापन समारोहमा यस्ता खेलाडीको सहभागिताबारे हालसम्म कुनै निर्णय नभएको बताए। यसबीच रूसी प्रवक्ता दिमित्री पेस्कोलोभले यस्तो निर्णयले ओलम्पिक खेलकुदको मूल भावना नष्ट हुने बताएका छन्। युक्रेनमा रूसले आक्रमण गरेपछि रूस र बेलारूसका खेलाडीलाई धेरै अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन प्रतिबन्ध लगाइएको थियो। तर, अलम्पिकका लागि छनोट भइसकेका रूस र बेलारूसका खेलाडीले राष्ट्रिय झण्डा र राष्ट्रिय गीतबिना खेलमा भाग लिन पाउनेछन्।